# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०३।०५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०३।०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**<u>देहायः</u>**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | अर्थ मन्त्रालयका तत्कालीन शाखा अधिकृत (हाल अवकाश प्राप्त) उद्धवप्रसाद थपलियासमेत २ जना | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत गैरकानूनी रुपमा सम्पत्ति आर्जन गर्ने कसुर अपराध गरेको पुष्टि हुन आएकोले प्रतिवादी उद्धवप्रसाद थपलियालाई बिगो रू.१,६४,८९,७००।२५ (एक करोड चौसठ्ठी लाख उनानब्बे हजार सात सय रूपैंया पच्चीस पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ ग, दफा ३ र दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई प्रतिवादी उद्धबप्रसाद थपलियाले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाई हाल कायम रहेको सम्पत्तिहरु समेतबाट साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख बमोजिम बिगो र जरिवाना जफत गरी पाउन मागदावी रहेको। | प्रतिवादी उद्धवप्रसाद थपलियाको जाँच अवधिको समग्र वैधानिक आय रू २,४३,८३,१२१।६६ (दुई करोड त्रिचालिस लाख त्रियासी हजार एक सय एक्काइ रूपैया छैसठ्ठी पैसा) र सोही अवधिमा निजको जम्मा खर्च एवम् लगानी रू १,९९,९८,३३९।३६ (एक करोड उनान्सय लाख अन्ठानब्बे हजार तीन सय उनन्चालीस रूपैया छत्तिस पैसा) देखिदा प्रतिवादीको व्ययभन्दा वैधानिक आय नै बढी देखियो। यसर्थ प्रतिवादीले गैरकानूनी सम्पत्ति आर्जन गरेको भन्ने आरोप दावी प्रमाणित हुने अवस्था देखिएन।<br>प्रतिवादीहरु उद्धवप्रसाद थपलिया र मुना पन्त थपलियाको समग्र जाँच अवधिको कुल व्यय भन्दा वैधानिक कुल आय बढी नै देखिई प्रतिवादीहरुले गैरकानूनीरुपमा सम्पत्ति आर्जन नगरी अमिल्दो र अस्वभाविक रुपमा जीवनयापन गरेको भन्ने आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएको नदेखिएको भन्ने आधार लिई आरोपित कसुरबाट प्रतिवादीहरु उद्धवप्रसाद थपलिया र मुनापन्त थपलियाले सफाई पाउने ठहरी फैसला भएको अवस्था छ। | क) **कृषि आय र कृषि जमिनको बहालः** आरोपत्रमा अंशबण्डा नभएको तर मानो चामल छुट्टिएको भन्ने व्यहोरालाई प्रतिवादी उद्धवप्रसाद थपलियाकी आमा विमला थपलिया पनि प्रतिवादीसँग सगोलमा रहेको भनी व्याख्या गरी प्रतिवादी उद्धवप्रसाद थपलियाकी आमा विमला थपलियाको कृषि आय र कृषि जमिनको बहाल आयलाई प्रतिवादीको आयमा जोड्ने गरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>ख) **घर जग्गा बिक्रीबाट प्राप्त आयः** *सम्मानित सर्वोच्चवाट ने का प २०६९, अंक ५ ,नि न ८८३२ मा जाँच अवधिमा खरीद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा जिकीर लिइन्छ र मान्यता पनि दिइन्छ भने त्यस्तो जग्गा खरीदको स्रोत पनि पुष्टि गर्नुपर्ने[1] भन्ने सिद्धान्त तथा ने का प २०६८, अंक ६ ,नि न ८६३० मा जुन सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको हो त्यस्तो सम्पत्ति आर्जन गर्दा हालको मूल्य तिरिने नभई तत्काल प्रचलित मूल्य नै लगानी भएको हुन्छ। तत्समयको आयस्रोतका आधारमा आर्जित सम्पत्तिको स्रोत पुष्टि भए नभएको कुरालाई नै ऐनले कानूनी र गैरकानूनी आर्जन छुटयाउने मापदण्ड मानेको हुँदा त्यस्तो सम्पत्ति आर्जन गर्दा स्रोत कति थियो र कति लगानी गरेको हो भन्ने कुराबाटै कसूर निर्धारण हुने र विगो कायम गर्नुपर्ने[2] भन्ने सिद्धान्त समेतका* आधारमा समेत खरिद गर्दा पुरै स्रोत नपुगेको भन्ने आधारमा यस शीर्षकमा आयोगबाट जम्मा रु. ३०,३५,९२०।३३ प्रतिवादीको आय गणना गरेकोमा सम्मानित बिशेष अदालतले प्रतिवादीको आय रु. १,१६,३०,०००।- कायम गरी जग्गा बिक्रीको पुरै आयलाई मान्यता दिने गरी भएको फैसला समेत गरी यस शिर्षकमा आयोगले गणना गरेको भन्दा थप रु.८५,९४,०७९।६७ गैरकानूनी स्रोतको आयलाई मान्यता दिई प्रतिवादीको आयमा गणना गरेको फैसला त्रुटिपूर्ण रहेको।<br>ग) **घर बहालबाट प्राप्त आय** घर निर्माणमा भएको खर्च मध्ये ५९.१०% खर्चको मात्र स्रोत पुगेको हुँदा सोही प्रतिशतले हुन आउने रकम रू.१३,००,७९१।- लाई मात्र बहाल आयमा समावेश गरिएकोमा यस शीर्षकमा जम्मा रू.२२,०१,०००।- गणना हुने गरी फैसला गरेकोमा सम्मानित विशेष अदालतबाट लिइएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने घरजग्गाहरु खरिद भएको बखतको आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषयले परीक्षणको क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानूनी रुपमा बढेबढाएको सम्पत्तिले वैद्यता पाउने तथा माथि उल्लेखि मुद्राको समय मुल्य (Time value of money) तथा मुल्यस्तर परिवर्तनको (Price Level Changes), लेखाप्रणालीको accounting period तथा Matching Principle को सिद्धान्त विपरित हुन गई White Collar Crime को रुपमा परिभाषित गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रतिकूल भएको हदसम्म फैसला त्रुटीपूर्ण रहेको। |

[1] ने.का.प. २०६९, अङ्क ५ निर्णय नं.८८३२

[2] ने.का.प. २०६८, अङ्क ६ निर्णय नं.८६३०